*नेपाल सरकार*

## *पशुपन्छी विकास मन्त्रालय*

# सरकारको १०० दिनको उपलब्धी

*सम्माननिय प्रधानमन्त्री पुष्पकमल दहाल 'प्रचण्ड' ज्यूको नेतृत्वमा गठन भएको सरकारको १०० दिन अवधीमा यस मन्त्रालय अन्तरगत भए गरेको उपलव्धी विवरणहरु*

**नीति तथा कार्यविधी सम्वन्धि**

१. चालु आ व ०७३/०७४ को बार्षिक कार्यक्रम र अख्तियारी सम्वन्धित निकायमा पठाइनुको साथै यस मन्त्रालय अन्तर्गत सञ्चालन हुने नया कार्यक्रमहरुको कार्यविधीहरु स्वीकृत गरी कार्यान्वयनको लागि पठाईएको ।

२. चौधौं योजनाको आधारपत्र तयार गर्नमा मन्त्रालयको तर्फवाट विवरण तयार गरी राष्ट्रिय योजना आयोगमा पठाईएको ।

३. पशुपन्छी विकासका क्षेत्रमा गठित विज्ञ समुहको वैठक समापन गरि पशुस्वास्थ्य, नश्ल सुधार, पशु आहारा व्यवस्थापन र वजारीकरणका सम्वन्धमा रणनिति तयार गर्ने कार्य आरम्भ गरेको ।

**ऐन तथा नियमावली सम्वन्धि**

४. पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ र सो को नियमावली २०५६ संशोधन को कार्य प्रारम्भ अगाडी वढाईएको ।पशु चिकित्सा परिषद पहिलो संशोधन २०५५ पहिलो संशोधन विधेयक २०७१ व्यवस्थापिका संसदमा टेवुल भै सम्वन्धित समितिमा छलफलको लागि पठाईएको।

५. पशु वधशाला तथा मासु जाँच ऐन २०५५ संशोधनको लागि कानुन न्याय तथा संसदिय व्यवस्था मन्त्रालयमा सहमतीको लागि पठाईएको ।

६. संधिय संरचना अनुसार मन्त्रालयको संगठन संरचना र Functional analysis कार्य सम्पन्न गरि सो को विवरण प्रधान मन्त्री तथा मन्त्री परिषदको कार्यालयमा पठाईएको ।

**पुर्वधार तथा पुनर्निर्माण सम्वन्धि**

७. उच्च पहाड कृषि व्यवशाय तथा जिबिकोपार्जन सुधार (HIMALI) आयोजनाबाट कृषि व्यवशाय संचालन गर्न २३१ वटा उपआयोजनालाइ रु १५ करोड ४ लाख ५८ हजार अनुदान प्रबाह भएको र यस अवधीमा १५ वटा नया उप आयोजनासंग कृषि व्यवशाय संचालन गर्न सम्झौता भएको

८. भुकम्पले क्षति गरेका जिल्लाहरुमा पुर्वाधार निर्माणको लागि दोलखा र रसुवा जिल्लामा कार्यालय संचालनको लागि प्रि-फ्याव भवन निर्माण कार्य भएको ।

९. एक गा.बि.स. एक प्राबिधिकको व्यवस्था गर्ने सिलसिलामा ४९७ गा.बि.स.मा पशु प्राबिधिक परिचालन गरिएको र थप १००३ गा.बि.स.मा करारमा भर्ना गर्ने संबन्धमा अन्तिम चरणमा पुगेको।

<u>व्यवसाय प्रवर्द्धन तथा अनुदान कार्यक्रम सम्वन्धि</u>

१०. बीसवटा मिटमार्ट स्थापनाको लागि प्रस्ताव आब्हान भएकोमा ८६ वटा निबेदन परेकोले छनौटको लागि कार्य अघि बढेको ।

११. २५ वटा मासुजन्य उद्योग प्रबर्धनको लागि प्रस्ताव आब्हान भएकोमा ७६ वटा निबेदन परेकोले छनौटको लागि कार्य अघि बढेको ।

१२. २५ वटा साना डेरी उद्योग प्रबर्धनको लागि प्रस्ताव आब्हान भएकोमा १८५ वटा निबेदन परेकोले छनौटको लागि कार्य अघि बढेको ।

१३. १० वटा पशु हाट बजार स्थपनाको लागि प्रस्ताव आब्हान भएकोमा ३४ वटा निबेदन परेकोले छनौटको लागि कार्य अघि बढेको ।

१४. युवाहरुलाइ पशुपालन क्षेत्रमा आकर्षित गर्न गाईभैंसीमा ३००, भेडाबाख्रामा ११४ र बंगुरमा ५४ फार्म युवालाइ समेट्न यूवा लक्षित विशेष पशु उत्पादन कार्यक्रम संचालन गर्न मिति २०७३।०४।२५ गते राष्ट्रिय दैनिक पत्रिकामा १ महिने सूचना प्रकाशन भई गाईभैंसी तर्फ १५३४,भेडाबाख्रामा ९८९ र बंगुरमा १९८ गरी जम्मा २७२१ निवेदनहरु प्राप्त भई पहिलो चरणको screening भएर field verification हुँदै गरेको र केन्द्रिय प्रतिनिधि तोक्ने कार्य पुरा भैसकेको ।

१५. दुध उत्पादनमा अनुदान पाइलट कार्यक्रम १० जिल्लामा संचालन गर्न मिति २०७३।०६।११ गते राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन भई **प्रस्ताव तथा निवेदन संकलन गरी दर्ता गर्ने काम भैरहेको ।**

१६. सहकारीमा आवद्ध कृषकहरुका विमित पशुहरुलाई सुत्केरी भत्ता प्रदान गर्ने कार्यक्रम १० जिल्लामा संचालन गर्न मिति २०७३।०६।१० गते राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन भई **प्रस्ताव तथा निवेदन संकलन गरी दर्ता गर्ने काम भैरहेको ।**

१७. कृषकहरुको ज्ञान र सिपमा अभिबृद्धी गर्न १० पटक ७ दिने क्षेत्रियस्तरका बिभिन्न तालिमको व्यवस्था गरी १७९ जना पशुपंक्षीपालक कृषकहरुलाइ लाभान्बित भएको ।

१८. सहकार्यमा नमुनाको रुपमा रुपन्देही जिल्लामा २ वटा मिल्किङ्ग पार्लरको स्थापना गर्न मिति २०७३।०६।१० गते राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन भई **प्रस्ताव तथा निवेदन संकलन गरी दर्ता गर्ने काम भैरहेको ।**

१९. बंगुर तथा कुखुरापालन सहकारी कार्यक्रम कार्यक्रम लागू भएका ३० जिल्लाहरुका जिल्ला पशु सेवा कार्यालयहरुबाट प्रस्ताव आव्हानको सूचना प्रकाशन भई प्रस्ताव तथा निवेदन संकलन गरी दर्ता गर्ने काम भैरहेको ।

२०. मुस्ताङ्गमा च्याङ्ग्रा फार्म स्थापना गर्न लोमान्थागं र चराङ्ग गा.बि.स. हरुमा सर्बदलिय/सर्बपक्षिय बैठक बसी १००० हे. जग्गा उपलव्ध गराउन सकिने निर्णय भइ प्रकृया अगाडी बढेको ।

२१. गाईभैंसीका ७ वटा स्रोतकेन्द्र स्थापना गर्न जिल्लामा साझेदार छनौट र अभिमूखिकरण गोष्ठी कार्यक्रमहरु सञ्चालन भएको ।

२२. ४५ प्याकेजमा पाडापालन कार्यक्रम संचालन गर्न मिति २०७३।०५।२२ गते राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भई आवेदनहरु दर्ता भैसकेको र छनौट प्रकृया हुँदै गरेको ।

२३. १८ जिल्लामा एकीकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम संचालन गर्न जिल्लामा साझेदार छनौट र अभिमूखिकरण कार्यक्रम भैरहेको ।

२४. ४५ जिल्लामा पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम संचालन गर्ने व्यवस्था गरीएको । ३२० हेक्टर क्षेत्रफलको लागि घाँसको विउ खरिद गरी (जै र वर्षिम) कृषकहरुलाई वितरण गरिएको ।

२५. पशु नश्ल सुधार राष्ट्रिय अभियान एवं कृत्रिम गर्भाधान कार्यक्रम ४५ जिल्लाहरुमा संचालन गरिएको र यसको लागि तरल नाइट्रोजन र सिमेन वितरण भैरहेको । यस अवधिमा ५१०४४ लिटर तरल नाइट्रोजन खरिद भएको १७२३२८ ,डोज जमेको विर्य उत्पादन भएको र कृत्रिम गर्भाधान ११७४८० भएको ।

२६. मध्यपहाडी क्षेत्रका ४५ जिल्लालाई बाख्रा उत्पादन पकेट क्षेत्रको रुपमा विकास गरिने कार्यक्रम संचालन गर्न २० जिल्लाहरुमा बाख्रा स्रोतकेन्द्र तथा फार्म सुदृढीकरणका लागि सूचना प्रकाशित भएको ।

२७. पशु विकास फार्म पोखरामा वोयर बाख्राको न्यूक्लियस हर्ड स्थापना कार्यक्रम संचालन गर्न बोका बाख्राका प्राबिधिक मापदण्ड तयार हुदै गरेको ।

<u>पशु स्वास्थ्य सेवा सम्वन्धि</u>

२८. यस अवधिमा बिभिन्न पशुपंक्षीका रोगहरु बिरुद्ध ११९.२ हजार पशुपंक्षीमा खोप लगाइएको ।

२९. यस अवधिमा बिभिन्न पशुपंक्षीका रोगहरु बिरुद्ध ४६४.६ हजार पशुपंक्षीमा उपचार गरेको ।

३०. बिभिन्न पशुपन्छीका रोग बिरुद्धका खोप उत्पादन १८४१ हजार डोज र सेलकल्चर रेबिज भ्याक्सीन २६९१ डोज उत्पादन भएको ।

३१. राष्टिय खोरेत रोग नियन्त्रण कार्यक्रम अन्तरगत १४ जिल्लाहरुमा ६ लाख डोज खोरेत रोगको खोप व्यवस्थापन तथा बितरण भएको ।

३२. देशमा महामारी रोग भित्रिन नदिन ५४६८ पटक क्वारेन्टाइन जाच गरेको ।

३३. अभियानमुखि मासु पसल/ बधस्थल अनुगमन तथा रीपोटिड १६ पटक भएको ।

**डेरी सुधार सम्वन्धि**

३४. काठमाडौं उपत्यकाका दुग्ध उद्योगहरुमा प्रशोधित प्याकेट दूधको No return सम्वन्धि ४ पटक अनुगमन गरिएको। यस अनुगमनबाट प्रशोधित प्याकेट दूधको गुणस्तर सुधारमा सहयोग पुगेको ।

३५. २५ जना सहभागिहरुलाई कास्कीको पोखरामा दुग्ध पदार्थ विविधीकरण सम्वन्धी तालिम गराइएको जसवाट डेरी प्राविधिक स्तरको *]/L k|fljlws जनशक्ति विकास र स्थानिय स्तरमा Indigeneous Milk Product वनाउन सक्षम भई स्वरेजगारीको अवसर सृजना हुनुको साथै स्थिनय दुग्ध वजारको विस्तार भएको ।

३६. उपत्यकाभित्रका ३० वटा उत्पादित प्रशोधित दूधको गुणस्तर परिक्षण गरि सम्वन्धित दुग्ध उद्योगहरुलाई सुसुचित गराईएको ।

३७. १२,९३४,०२९ लिटर दुध स्थानिय स्तरमा संकलन र प्रशोधन गरी १२९५०७३७ लिटर प्रशोधित दूध स्थानिय वजारमा विक्री वितरण गरिएको जसले गर्दा यस अवधिमा धुलो दूध वा मखन आयात गर्न नपरेको।

**अन्य गतिविधिहरु**

पशु आहारा उत्पादन कारखाना संचालन मेशिनरिजहरु जडान, परिक्षण उत्पादन तथा नियमित उत्पादन र आपूर्ती संयन्त्र विकास गर्ने। नेपाल सरकारवाट प्राप्त हेटौडा स्थित पशु आहारा उत्पादन को सफल परिक्षण उत्पादन भई नियमित उत्पादन तथा व्यवसायिक विक्री वितरण भईरहेको। यस वाट संस्थानवाट आवद्ध दुग्ध उत्पादक कृषकहरु लाभान्वित हुने ।